नेपाल सरकार
# गृह मन्त्रालय
(लागु औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
फ्याक्स ०१-४२११२८३
ई-मेलः drug@moha.gov.np
Website:www.drugportal.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८०/८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## सूचना ! सूचना !! सूचना !!!

लागु औषधको उत्पादन, बिक्री-वितरण, ओसारपसार, सञ्चय र प्रयोग कानूनत दण्डनीय छ । यद्यपी लागु औषधको दुरुपयोग समाजमा बढिरहेको छ । लागु औषधको दुरुपयोगबाट व्यक्तिको शारिरीक एवं मानसिक स्वास्थ्यमा समस्या सृजना भइ पारिवारीक विखण्डन समेत गर्दछ । यसको दुर्व्यसनले व्यक्तिलाई अपराधिक गतिविधिमा संलग्न गराई सामाजिक सद्भाव एंव शान्तिसुरक्षामा समेत चुनौती सृजना गर्दछ ।लागु औषधको दुरुपयोगलाई नियन्त्रण गर्न र प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना मार्फत सभ्य र स्वस्थ्य नागरिक निर्माण गर्ने राज्यको दायित्वमा पर्दछ ।यसै सन्दर्भमा लागु औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनःर्स्थापना कार्यलाई व्यवस्थित, गुणस्तरीय तथा पँहुचयोग्य बनाउन लागु औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनःर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ ले त्यस्ता केन्द्रहरुको मापदण्ड निर्धारण गरेको छ । हाल यस मन्त्रालयमा विभिन्न माध्यमहरुबाट त्यस्ता केन्द्रहरु मापदण्ड वमोजिम सञ्चालन नभएको गुनासो प्राप्त भएकोले सो निर्देशिकाको दफा ५ र ७ मा व्यवस्था भए बमोजिमको मापदण्डको पूर्णरुपमा पालना गरी सञ्चालन गर्न सवै उपचार तथा पुनःर्स्थापना केन्द्रलाई मन्त्रालय अनुरोध गर्दछ ।निर्देशिकाको दफा ९ वमोजिमको जिल्ला अनुगमन तथा समन्वय समितिबाट अनुगमन गर्ने क्रममा मापदण्डको पालना नगरी सञ्चालन भएको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

उपचार तथा पुनःर्स्थापना केन्द्र सञ्चालन सम्वन्धमा कुनै सूचना वा गुनासो भएमा यस मन्त्रालयको इमेल ठेगाना moha.drugportal@gmail.com वा यस मन्त्रालयको टेलिफोन नं ०१-४२११२८३ र ०१-४२११२२२ मा सिधै सम्पर्क गरी सूचना वा गुनासो उपलव्ध गराउनु हुन सवैमा हार्दिक अपिल गरिन्छ ।

मितिः-२०८०/१२/२५
ने.स.११४४ चिल्लागा,१४ आइतवार

नेपाल सरकार
गृह मन्त्रालय

लागु औषध नियन्त्रण शाखा
गृह मन्त्रालय